# बारुदी सुरुङ तथा विष्फोटक पदार्थहरुबाट पीडितहरुको अपील

माननीय सभासद्ज्यूहरु,

विगत एक दशकको सशस्त्र द्वन्दको समाप्ति र शान्ति प्रक्रियाको निरन्तरता संगै मुलुकमा ऐतिहासिक संविधानसभाको निर्वाचन सम्पन्न भैसकेको छ । यद्यपि बारुदी सुरुङ र अन्य विष्फोटक उपकरणहरुबाट पीडितहरुको अवस्था दयनीय रहिरहेको कुरा यहाँहरुलाई विदितै छ । आज सिङ्गो मुलुकको प्रयास राजनीतिक समस्या समाधान तर्फ बढिरहेको भएता पनि द्वन्दको अवशेषको रुपमा रहेका बारुदी सुरुङ तथा बिष्फोटक उपकरणहरु हटाउने र नष्ट गर्ने तथा हामी विष्फोट पीडितहरुको आवाजलाई सुन्ने र हाम्रा समस्याहरु समाधान गर्ने तर्फ राज्यले सम्बोधन तथा पहल गरेको हामीले महशूस गर्न सकेका छैनौं । यहाँ सम्म कि २०६५ साल असार ३० गते संसदमा प्रस्तुत भएको पेश्की बजेटमा पनि द्वन्दमा मरेकाहरुको निम्ति रु. १ लाख दिने भन्ने प्रावधान बाहेक हामी जस्ता पीडितहरुको सम्बन्धमा कुनै कुरा उल्लेख गरिएको पाइएको छैन ।

द्वन्दको समयमा हजारौं नागरिकहरुको मृत्यू, घाइते र अंगभंग भयो भने  कैयौं परिवार बिचल्लीमा परे, विस्थापित भए । अझ बारुदी सुरुङ र अन्य विष्फोटक उपकरणको विष्फोटको शिकार स्वरुप युद्धसंग सरोकार नभएका सयौं सर्वसाधारण नागरिकहरुको मृत्यु भएको छ भने हजारौं घाइते र अङ्गभङ्ग भई कष्टकर जीवन बिताउन बाध्य भएका छन् । हामी पीडितहरु मध्ये कैयौंले ज्योति गुमाई अन्धकारमा जीउनु परिरहेको छ भने कैयौंले शारीरिक अपाङ्गताको कारण बैसाखी र ह्वीलचेयरलाई नै आफ्नो जीवनको सहारा मान्नु परेको छ । हामी पीडितहरुको घर परिवार, बालबच्चाको बिचल्ली भएको छ । अर्को तर्फ हामी समाजमा सम्मानपूर्ण जीवनको अनुभूति गर्नबाट बञ्चित हुदै गएका छौं । एन.सी.बी.एल.को तथ्यांक अनुसार सन् १९९८ देखि २००७ सम्ममा बारुदी सुरुङ तथा विष्फोटक उपकरणबाट प्रत्यक्ष रुपमा शिकार हुनेहरुको संख्या ४८०९ रहेको छ ।

गणतन्त्र नेपालका नागरिक हामी राज्यको अन्य नागरिक सरह व्यवहारको अपेक्षामा छौं । त्यसैगरी, हामी आगामी दिनमा कुनै पनि निर्दोष नेपाली नागरिकले बारुदी सुरुङ र अन्य विष्फोटक उपकरणहरुको शिकार हुन नपरोस् भन्ने चाहन्छौं । यसै सन्दर्भमा पीडितहरुको तर्फबाट यस अघि तत्कालीन अन्तरिम-व्यवस्थापिका संसदका सभामुख, विभिन्न राजनीतिक दलहरु र परराष्ट्र मंत्रालय समक्ष गई ज्ञापन पत्र बुझाइएको कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छौं । तर पनि राज्यको तर्फबाट त्यसतर्फ खासै ध्यान दिइएको महसूस भएको छैन । यस परिप्रेक्षमा नयाँ जोश जाँगरका साथ संविधानसभामा प्रतिनिधित्व गर्नु भएका माननीय सभासद्ज्यूहरुबाट बारुदी सुरुङ तथा अन्य विष्फोटक उपकरणको विष्फोटबाट पीडितहरुको समस्यालाई गम्भीरतापूर्वक मनन गरी महत्वपूर्ण र निर्णायक भूमिका निर्वाह हुनेछ भन्ने अपेक्षाका साथ यहाँहरु समक्ष निम्नानुसारको अपील गर्दछौं :

१. सर्वसाधारणहरु, सुरक्षा निकाय तथा विद्रोहीहरु जो बारुदी सुरुङ र विष्फोटक उपकरणहरुबाट पीडित भए उनीहरुको वास्तविक तथ्यांक संकलन गरियोस् ।
२. घटना घट्ने बित्तिकै तत्काल उपचारको निम्ति सरल व्यवस्था गरियोस् ।
३. मृतकको परिवारलाई सरकारले दिने क्षतिपूर्ति सरल ढंगले प्राप्त गर्न सक्ने व्यवस्था गरियोस् ।
४. घाइतेहरुको दीर्घकालीन उपचार, अपाङ्गहरुको निम्ति कृत्रिम अंगप्रत्यारोपण, सहायक साधनहरुको व्यवस्था जस्ता विषयमा निःशुल्क व्यवस्थाको निम्ति आवश्यक नीति निर्माण एवं कार्यान्वयन गरियोस् ।
५. विष्फोटबाट पीडित- मृतकका परिवार र कष्टकर जीवन बिताइरहेका घाइतेहरुको जीविकोपार्जन, आर्थिक पुनर्संयोजन, सामाजिक पुनर्स्थापना, सम्मानपूर्ण जीवनयापनको निम्ति विद्यमान व्यवस्थाको प्रभावकारी प्रयोग र अन्य आवश्यक कानूनी एवं आर्थिक नीति तथा योजनाहरु निर्माण गरियोस् ।
६. विष्फोटबाट पीडित घाइतेहरुको निम्ति परिचय पत्र र हरेक क्षेत्रमा निश्चित सुविधाको व्यवस्था गरियोस् ।
७. सरकार र ने.क.पा.(माओवादी) बीच भएको शान्ति सम्झौता अनुसार बारुदी सुरुङ र विष्फोटक उपकरणको रेखाङ्कन गर्ने, हटाउने र नष्ट गर्ने कार्यमा तीब्रता प्रदान गरियोस् ।
८. बारुदी सुरुङ तथा विष्फोटक उपकरण विष्फोटनको घटनाबाट सर्वसाधारणहरु पीडित हुन नपरोस् भन्ने उद्देश्यका साथ माइन जोखिम शिक्षा कार्यक्रमलाई स्थानीय स्तर सम्म पुऱ्याइयोस् ।
९. नेपालको तर्फबाट ओटावा सन्धिमा हस्ताक्षर गरी नेपाललाई बारुदी सुरुङ मुक्त बनाउनको निम्ति सशक्त पहल गरियोस् ।

बारुदी सुरुङ पीडितहरुको राष्ट्रिय संजाल (एन.सि.बि.एल)

मिति :- २०६५/३/३१